# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी


सूचना नम्बरः ४४-२०७९/०८०

## मागमा आधारित अनुदान कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।।

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२४ गते)**

चन्द्रकोट गाउँपालिकाको आ. व २०७९/०८० को मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रमको लागि तपशिलको कार्यक्रम संचालन गर्न ईच्छुक व्यवसायिक कृषक/समुह/कृषि सहकारी/निजी फार्म तथा उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिलमा उल्लेख गरिएका कागजातहरु संलग्न गरी आफ्नो व्यवसायिक योजना सहित चन्द्रकोट गाउँपालिका पशु सेवा शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र.सं. | कार्यक्रमका क्षेत्रहरु | न्युनतम पूर्वाधार | विनियोजित बजेट | अनुदान सिमा |
|---|---|---|---|---|
| १ | जिउदो माछा/मासु/ दूध पसल सुधार र निर्माण | जिउदो माछाको अक्सिजन सिलिन्डर, सिमेन्टेड ट्याङ्क, मासु पसल र डेरी पसलको हकमा पशुपंक्षी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम हुनेछ। | ४ लाख | प्रस्तावनामा पेश भएको लागत अनुमानको आधारमा बढिमा ५० प्रतिशत |
| २ | गाई/भैसी/वंगुर/ भैडा/ बाख्रा पालन तथा फार्म सुधार | प्रस्ताव पेश गर्दा न्युनतम ३ वटा दूधालु गाई/भैसी भएको हुनुपर्ने, बाख्राको हकमा १० वटा माउ बाख्रा हुनुपर्ने। वंगुरको हकमा ३ वटा माउ वंगुर हुनुपर्ने। | | |
| ३ | नयाँ पोखरी निर्माण तथा सुधार/ईलेक्ट्रिक मोटर, तारजाली, अटोफिडर | कम्तिमा १.५ रोपनी जलाशय क्षेत्र हुनुपर्ने। | | |
| ४ | साना किसान गोठ सुधार सहयोग | गोठ व्यवस्थापन,भकारो सुधार, आहारा व्यवस्थापन, स्वच्छ दूध उत्पादन | | |

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रतिलिपि

२. पशुपंक्षी/ मत्स्य कृषक समुह/सहकारी संस्था/ निजी फार्म तथा उद्यमीहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. पशुपंक्षी/मत्स्य सहकारी संस्था/निजी फर्म तथा उद्यमीहरुको हकमा कर चुक्ताको प्रमाणपत्र, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि

४. कार्यक्रमको लागि अनुसूची- ४ बमोजिम तोकिएको ढाँचामा निवेदन।

५. संघ/संस्था/सहकारीको हकमा अनुदान माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि

६. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जा (भाडामा लिएको भए सो सम्बन्धी भएको संझौता पत्र)।

*थप जानकारीको लागि पशुसेवा शाखा ९८५७०८५२७३ मा सम्पर्क गर्न सकिने छ ।*

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
**विष्णु प्रसाद भुसाल**

अनुसूची ४

(कार्यविधिको दफा ६ (ग) सँग सम्बन्धित)

*मागमा आधारित अनुदान कार्यक्रमका लागि पेश गरिने प्रस्ताव पत्रको ढाँचा*

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

मिति :............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी।

विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा ताहाँ गाउँपालिकाबाट मिति ................. मा प्रकाशित सूचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन योग्यता पुगेकोले ..........................वर्गीकरणको ......................................................मूल्यश्रृखला अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रही व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालन गर्न देहाय बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरी पेश गरेको छु/छौं।

**संलग्न कागजातहरु:**

१. व्यवसायिक कार्यक्रम पशुपंक्षी तथा मत्स्य सम्बन्धी समुह/सहकारी भएमा बैठकको निर्णयको प्रतिलिपि।

२. संस्था दर्ताको प्रमाणपत्र/लेखा परीक्षण प्रतिवेदन/कर चुक्ताको प्रमाणपत्र/भ्याट/पान दर्ताको प्रमाणपत्रको प्रतिलिपि १/१ थान।

३. प्रस्तावकको नागरिकताको प्रतिलिपि १ थान।

४. व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि १ थान।

५. जग्गाको लालपुर्जा/भाडा सम्झौता पत्रको प्रतिलिपि १ थान।

६. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट।

नाम : ...............................

दस्तखत :............................

ठेगाना : ...........................

पद :..................................

संस्थाको नाम :.......................

सम्पर्क नं. :...........................

संस्थाको छाप :